वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४४ अंक २९० | २०८२ फागुन २७ गते बुधबार, नेपाल सम्वत् ११४६ March 11, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-



## सडक तथा नाला निर्माण

तनहुँको भानु नगरपालिका-१ स्थित भानुमार्ग अन्तर्गत भन्सार बजार खण्डमा जिर्ण बनेको सडक मर्मत सुधार तथा नाला निर्माण गरिदै ।

*तस्विर : भञ्ज्याङ*

# प्रतिनिधिसभामा प्रत्यक्षतर्फ अधिकांश नयाँ अनुहार

भञ्ज्याङ समाचारदाता/काठमाडौं

मुलुकको विशिष्ट परिस्थितिमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ अधिकांश नयाँ अनुहार निर्वाचित भएका छन् । सोमबार सम्पन्न उक्त प्रणालीतर्फको मतगणना परिणामअनुसार सरकार बनाउने हैसियतमा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टीबाट मात्रै १२५ सदस्य निर्वाचित भएका छन् । यसअघिको संसद्मा उक्त दलको २१ सदस्य रहेकामा तीमध्ये १२ जना दोहोरिएका छन् भने यसपटक निर्वाचितमध्ये ११३ जना नयाँ छन् ।

प्रत्यक्षतर्फको १६५ निर्वाचन क्षेत्रमा रास्वपाले १२५, नेपाली कांग्रेसले १८, नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले नौ, नेपाली कम्युनिष्ट पार्टीले आठ, श्रम संस्कृति पार्टीले तीन र राष्ट्रिय प्रजातन्त्र पार्टीले एक स्थानमा जित हासिल गरेको छ । एक स्थानमा स्वतन्त्र उम्मेदवार विजयी हुनुभएको छ ।

अधिकांश नयाँ अनुहार जितेको रास्वापाबाट झापा निर्वाचन क्षेत्र नं १ बाट निशा डाँगी, क्षेत्र नं २ बाट इन्दिरा राना मगर, क्षेत्र नं ३ बाट प्रकाश पाठक, क्षेत्र नं ४ बाट शम्भुप्रसाद ढकाल र क्षेत्र नं ५ बाट बालेन्द्र शाह निर्वाचित हुनुभएको छ । मोरङ क्षेत्र नं १ बाट यज्ञमणि न्यौपाने, क्षेत्र नं २ बाट कृष्णकुमार कार्की, क्षेत्र नं ३ बाट गणेश कार्की, क्षेत्र नं ४ बाट सन्तोष राजवंशी, क्षेत्र नं ५ बाट आशा झा र क्षेत्र नं ६ बाट रूबिना आचार्य निर्वाचित हुनुभएको निर्वाचन आयोगले जनाएको छ ।

सुनसरी निर्वाचन क्षेत्र नं २ बाट लालविक्रम थापा, क्षेत्र नं ३ बाट अशोककुमार चौधरी, क्षेत्र नं ४ बाट दीपककुमार साह, ओखलढुङ्गा क्षेत्र नं १ विश्वराज पोखरेल, उदयपुर क्षेत्र नं १ बाट पारशमणि गेलाल र क्षेत्र नं २ बाट सूर्यबहादुर तामाङ निर्वाचित हुनुभएको छ ।

सप्तरी क्षेत्र नं १ बाट पुष्पाकुमारी चौधरी, क्षेत्र नं २ बाट रामजी यादव, क्षेत्र नं ३ बाट अमरकान्त चौधरी र क्षेत्र नं ४ बाट सीताराम साह, सिराहा क्षेत्र नं १ बाट बब्लु गुप्ता, क्षेत्र नं २ बाट शिवशङ्कर यादव, क्षेत्र नं ३ बाट शम्भुकुमार यादव र क्षेत्र नं ४ बाट तपेश्वर यादव निर्वाचित हुनुभएको छ ।


धनुषा क्षेत्र नं २ बाट रामविनोद यादव, क्षेत्र नं ३ बाट मनिष झा र क्षेत्र नं ४ बाट राजकिशोर महतो, महोत्तरी क्षेत्र नं १ बाट प्रमोदकुमार महतो, क्षेत्र नं २ बाट दीपकुमार साह, क्षेत्र नं ३ बाट उज्ज्वलकुमार झा र क्षेत्र नं ४ बाट गौरीकुमारी विजयी हुनुभएको छ ।

सर्लाही क्षेत्र नं १ मा नितिमा भण्डारी (कार्की), क्षेत्र नं २ मा रविन महतो, क्षेत्र नं ३ मा नरेन्द्र साह कलवार र क्षेत्र नं ४ मा अमरेशकुमार सिंह, रौतहट क्षेत्र नं १ मा राजेशकुमार चौधरी, क्षेत्र नं ३ मा रवीन्द्र पटेल र क्षेत्र नं ४ मा गणेश पौडेल निर्वाचित हुनुभएको छ ।

सोही पार्टीबाट बारा क्षेत्र नं १ बाट गणेश धिमाल, क्षेत्र नं २ बाट चन्दनकुमार सिंह, क्षेत्र नं ३ बाट अरबिन्द साह र क्षेत्र नं ४ बाट रहबर अन्सारी, पर्सा क्षेत्र नं १ बाट बुद्धिप्रसाद पन्त, क्षेत्र नं २ बाट सुशीलकुमार कानु, क्षेत्र नं ३ बाट रामाकान्तप्रसाद चौरसिया र क्षेत्र नं ४ बाट टेकबहादुर शाक्य निर्वाचित हुनुभएको छ ।

दोलखा क्षेत्र नं १ बाट जगदीश खरेल, रामेछाप निर्वाचन क्षेत्र नं १ बाट कृष्णहरि बुढाथोकी, सिन्धुली क्षेत्र नं १ बाट धनेन्द्र कार्की र क्षेत्र नं २ बाट आशिष गजुरेल, धादिङ क्षेत्र नं १ बाट आशिका तामाङ र क्षेत्र नं २ बाट बोधनारायण श्रेष्ठ, नुवाकोट क्षेत्र नं १ बाट विक्रम तिमिल्सिना र क्षेत्र नं २ बाट अचुत्तम लामिछाने निर्वाचित हुनुभएको छ ।

रास्वपाबाटै काठमाडौं क्षेत्र नं १ बाट रन्जु न्यौपाने, क्षेत्र नं २ बाट सुनिल केसी, क्षेत्र नं ३ बाट राजुनाथ पाण्डे, क्षेत्र नं ४ बाट पुकार बम, क्षेत्र नं ५ बाट सस्मित पोखरेल, क्षेत्र नं ६ बाट शिशिर खनाल, क्षेत्र नं ७ बाट गणेश पराजुली, क्षेत्र नं ८ बाट विराजभक्त श्रेष्ठ, क्षेत्र नं ९ बाट डोलप्रसाद अर्याल र क्षेत्र नं १० बाट प्रदीप विष्ट, भक्तपुर क्षेत्र नं १ बाट रूकेश रन्जित र क्षेत्र नं २ बाट राजीव खत्री, ललितपुर क्षेत्र नं १ बाट बुद्धरत्न महर्जन, क्षेत्र नं २ बाट जगदीश खरेल र क्षेत्र नं ३ बाट तोसिमा कार्की विजयी हुनुभएको छ ।



काभ्रेपलाञ्चोक क्षेत्र नं १ बाट मधुकुमार चौलागाई र क्षेत्र नं २ बाट बदनकुमार भण्डारी, सिन्धुपाल्चोक क्षेत्र नं १ बाट भरतप्रसाद पराजुली, मकवानपुर क्षेत्र नं १ बाट प्रकाश गौतम र क्षेत्र नं २ बाट प्रशान्त उप्रेती, चितवन क्षेत्र नं १ बाट हरि ढकाल, क्षेत्र नं २ बाट रवि लामिछाने र क्षेत्र नं ३ बाट सोविता गौतम निर्वाचित हुनुभएको छ ।

गोरखा क्षेत्र नं १ मा सुधन गुरूङ र क्षेत्र नं २ मा कविन्द्र बुर्लाकोटी, लमजुङ क्षेत्र नं १ मा धर्मराज केसी, कास्की क्षेत्र नं १ मा खडकराज पौडेल, क्षेत्र नं २ मा उत्तमप्रसाद पौडेल र क्षेत्र नं ३ मा बिना गुरूङ, तनहुँ क्षेत्र नं


*बाँकी तेश्रो पेजमा*

# गण्डकीमा एमाले र नेकपाको प्रतिनिधित्व शून्य

भञ्ज्याङ समाचारदाता/गण्डकी

गत बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशमा कम्युनिष्ट दल नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टीले एउटा पनि क्षेत्रमा विजय हासिल गर्न सकेनन् । गण्डकीबाट दुवै दलको प्रतिनिधित्व शून्य बनेको छ । विसं २०७९ को चुनावमा गण्डकीबाट एमालेले पाँच र नेकपाले दुई निर्वाचन क्षेत्रमा जितेको थियो ।

अधिल्लो चुनावमा १० क्षेत्रमा जितेको नेपाली कांग्रेस पनि यसपटक गण्डकीमा दुई सिटमा सीमित रह्यो । विसं २०७९ को चुनावमा बागलुङ-१ मा विजयी बनेको राष्ट्रिय जनमोर्चाका उम्मेदवारको यसपालि जमानत नै जफत भयो ।



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रदेशका कुल १८ निर्वाचन क्षेत्रमध्ये १५ निर्वाचन क्षेत्रमा विजयी बन्न सफल भयो । म्याग्दी, मुस्ताङ र मनाङबाहेकका जिल्लामा रास्वपा उम्मेदवारले जितेका हुन् । म्याग्दीमा स्वतन्त्र उम्मेदवार महावीर पुन विजयी बन्नुभयो ।

मुस्ताङबाट नेपाली कांग्रेसका योगेश गौचन थकाली र मनाङमा पनि नेपाली कांग्रेसकै टेकबहादुर गुरूङले संसद्को यात्रा तय गर्न सफल हुनुभयो । रास्वपाले प्रदेश राजधानी रहेको कास्कीलगायत अधिकांश जिल्लामा जित निकालेको हो। रास्वपाबाट कास्की-१ खड्कराज पौडेल, कास्की-२ मा उत्तमप्रसाद पौडेल र कास्की-३ मा बिना गुरूङ विजयी बन्नुभयो। बागलुङका दुवै क्षेत्रमा पनि रास्वपाका उम्मेदवार विजयी बन्नुभयो ।

बागलुङ-१ मा सुशील खड्का र बागलुङ-२ मा सोम शर्मा बिजयी बन्नुभयो । स्याङ्जाका दुवै क्षेत्रमा पनि रास्वपा उम्मेदवार विजयी बने । स्याङ्जा-१ बाट धनञ्जय रेग्मी र स्याङ्जा-२ बाट झविलाल डुम्रे ससंद्मा पुग्नुभएको हो । तनहुँका दुवै क्षेत्रमा पनि रास्वपाका उम्मेदवारले जितेका छन् । तनहुँ-१ मा स्वर्णिम वाग्ले र तनहुँ-२ मा श्रीराम न्यौपाने विजयी बन्नुभयो।

यस्तै, नवलपुर-१ मा रास्वपाकै राजन गौतम र नवलपुर-२ मा मनिष खनाल विजयी बन्नुभयो । लमजुङमा रास्वपाका उम्मेदवार धर्मराज केसी विजयी बन्नुभयो । पवर्तबाट रास्वपाकै सागर भुसालले ससंदीय यात्रा तय गर्नुभएको छ। गोरखाका दुवै क्षेत्रमा पनि रास्वपाले जित्यो । गोरखा-१ मा सुदन गुरूङ र गोरखा-२ मा कविन्द्र बुर्लाकोटी विजयी बन्नुभयो ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# समृद्धिको यात्रामा बच्र्याङ गाउँ

नेपालका ग्रामीण क्षेत्रहरु विकासको दृष्टिकोणबाट महत्वपूर्ण छन् । यहाँ धेरै स्थानहरू आज पनि आधारभूत आवश्यकता पुरा गर्नबाट वञ्चित छन्। तनहुँको म्याग्दे गाउँपालिका-१ स्थित बच्र्याङ गाउँका बासिन्दाले अहिले जुनरूपमा आफ्नो दैनिकीलाई परिवर्तन गर्न सफल भएका छन्, यो एउटा उदहारण बन्ने सक्नेछ। यहाँको विकासलाई जैविक कृषि र पर्यटनको माध्यमबाट पुनः संजीवनी प्रदान गरिएको छ । जसले न केवल यहाँको जीवनस्तरमा परिवर्तन ल्याएको छ, यसले ग्रामीण क्षेत्रको समृद्धिको नयाँ सम्भावनाहरु खोलिदिएको छ । बच्र्याङ गाउँमा चलाइएका विभिन्न कार्यक्रमहरूले स्थानीय कृषक र महिला समुदायको जीवनमा सकारात्मक परिवर्तन ल्याएको छ। "सहभागितामूलक मानहुं क्षेत्र संरक्षण कार्यक्रम" जस्ता परियोजनाले बच्र्याङको कृषिमा नयाँ ऊर्जा ल्याएको छ । जैविक कृषि प्रवर्द्धन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र पर्यावरण संरक्षणको साथसाथै यहाँका कृषकहरूले व्यावसायिक खेती र पशुपालनबाट आर्थिक उपार्जन बढाएका छन्। विशेष गरी महिलाहरूले टमाटार खेती, कुखुरा पालन जस्ता कार्यमा संलग्न हुँदै आत्मनिर्भरता तर्फ उन्मुख भएका छन् ।

ग्रामीण पर्यटन नेपालको विकासका लागि एक अत्यन्त महत्त्वपूर्ण क्षेत्र बन्न सक्छ। बच्र्याङको उदाहरणमा, यहाँको समृद्ध सांस्कृतिक धरोहर र प्राकृतिक सौन्दर्यलाई ध्यानमा राखेर स्थानीय होमस्टे कार्यक्रम सुरू गरिएको छ । यसले गाउँलाई एक पर्यटकीय गन्तव्यका रूपमा प्रस्तुत गर्दै गाउँका बासिन्दालाई अतिरिक्त आयको स्रोत दिन सक्दछ । होमस्टेले स्थानीय पारम्परिक खाना र संस्कृति प्रदान गर्दै पर्यटकहरूको ध्यान आकर्षित गर्दै आएको छ। यस कार्यक्रमले यहाँका महिलाहरूलाई पनि सक्रिय बनाएको छ, जसले गाउँका समृद्धि र सशक्तिकरणमा योगदान पुर्याएको छ। यो समग्र प्रयास केवल कृषि र पर्यटनको विकासमै सीमित छैन । यसले स्थानीय महिलाहरूको सामाजिक र आर्थिक स्थिति सुधारमा पनि महत्वपूर्ण भूमिका निभाएको छ। ग्रामीण महिलाहरूलाई अब आफ्नै आम्दानीको स्रोत प्राप्त भएको छ र उनीहरूको आत्मविश्वासमा वृद्धि भएको छ। यसले महिलाहरूलाई घरेलु जिम्मेवारीको दायराबाट बाहिर निकालेर व्यवसायिक गतिविधिमा संलग्न गराएको छ। बच्र्याङ गाउँका यी प्रयासहरूले स्थानीय समुदायलाई एक नयाँ दिशा दिन सक्छन्। सरकारले, गैरसरकारी संस्थाहरु र यहाँका बासिन्दाहरूको समन्वयले यो कार्यक्रमलाई थप प्रभावकारी र दीर्घकालीन बनाउन मद्दत पुर्याएको छ। आगामी वर्षमा, यदि यी प्रयासहरु अझ बलियो पारिए भने, बच्र्याङ गाउँ मात्र होइन, अन्य ग्रामीण क्षेत्रहरूलाई पनि एक आदर्श नमुना बन्ने अवसर प्राप्त हुनेछ।

नेपालको ग्रामीण विकासमा यस्ता कार्यक्रमहरूको ठूलो योगदान रहेको छ। जैविक कृषि र पर्यटनको संगमले बच्र्याङ जस्ता ग्रामीण क्षेत्रको उज्यालो भविष्यको कल्पना गर्न मद्दत पुर्याउँछ। अब आवश्यक छ, यसलाई विस्तारित गर्दै सम्पूर्ण मुलुकभरिका ग्रामीण समुदायलाई यसबाट लाभान्वित गराउनु । साथै, सरकार र अन्य क्षेत्रीय निकायहरूलाई यो सुनिश्चित गर्न जरूरी छ कि यस्ता कार्यक्रमहरूलाई दीर्घकालीन रूपमा समृद्ध बनाइने होस् र यसका प्रभावहरु प्रत्येक समुदायसम्म पुगोस । यसरी अगाडि बढ्न सकेमा हामी नेपालका ग्रामीण क्षेत्रहरूको समृद्धि र विकासको सपना पुरा गर्न सक्षम हुनेछौं । यस्तै, स्थानीय सरकारले पनि विभिन्न संघसंस्थाले सञ्चालन गरेको कार्यक्रमबाट प्राप्त उपलब्धीलाई संस्थागत गरी दिगो विकासका कार्यक्रम सञ्चालन गरी उजाडिदै गएका ग्रामीण बस्तिलाई पुनः हरभरा र चहलपह ल्याउन पहल गर्नुपर्छ। सरकारी तथा गैर सरकारी संघसंस्थाहरूले समृद्धिको गोरेटो देखाएपछि त्यही गोरेटोमा हिड्का कृषकलाई गाउँपालिकाले आवश्यक साथ सहयोग गरी दिगो रूपमा अगाडि बढाउन सहकार्य गर्न आवश्यक छ ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

इ.नं. ९४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी १०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm 95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

# बढ्दो वायु प्रदूषण र नयाँ सरकारबाट अपेक्षा

फागुन २१ मा सम्पन्न राष्ट्रिय निर्वाचनपछि देशको राजनीतिक वातावरणमा परिवर्तन देखिँदै गर्दा मौसमको अवस्था पनि निर्वाचन दिन लगत्तै असामान्य रूपमा बदलिएको अनुभव गरिएको छ। निर्वाचनको परिणाम र यसपछि बन्ने सम्भावित राजनीतिक अवस्थाबारे देशभर चासो बढिरहेका बेला वातावरणीय अवस्था भने अपेक्षित रूपमा सुखद देखिएको छैन । पछिल्ला दिनहरूमा देशका धेरै भागमा घाम लाग्न सकेको छैन र आकाश बाक्लो हैज (धुवाँ–धुलोको तुवाँलो) ले ढाकिएको छ ।

काठमाडौं उपत्यका, तराईका सहरहरु तथा मध्य पहाडी क्षेत्रहरूमा समेत बिहानदेखि बेलुकासम्म आकाश फिका र धुम्म देखिएको छ। सामान्यतया यो मौसममा हिमाल र वरपरका पहाडहरु स्पष्ट देखिने भए पनि हाल दृश्यता (भिजिविलिटी) उल्लेखनीय रूपमा घटेको छ। धेरै स्थानमा टाढाका वस्तुहरु स्पष्ट देख्न कठिन भएको छ । पछिल्ला केही दिनदेखि देशभर हावाको गति अत्यन्त कम देखिन्छ । धुलोका कणहरूका कारण देखिन्छ ।

### हालको मौसमी अवस्था

पछिल्ला केही दिनदेखि नेपालको मौसमी अवस्था स्थिर रहेको छ । हाल देखिएको स्थिर वायुमण्डलीय अवस्था उत्पन्न हुनुमा तापक्रमको उल्टो संरचना (टेम्परेचर इन्भर्सन) एक प्रमुख कारण मानिन्छ । सामान्य अवस्थामा पृथ्वीको सतह नजिकको हावा तातो हुन्छ र माथिल्लो तहतर्फ जाँदा तापक्रम क्रमशः घट्दै जान्छ । तर तापक्रम उल्टो संरचनाको अवस्थामा यसको ठीक विपरीत हुन्छ । जसमा सतह नजिकको हावा चिसो हुन्छ भने त्यसको माथिल्लो तहमा तुलनात्मक रूपमा तातो हावा बस्छ ।

यसरी माथिल्लो तहमा रहेको तातो हावाले एक प्रकारको 'ढाक्ने तह' जस्तो काम गर्छ, जसले तल्लो तहको चिसो हावालाई माथि उठ्न दिंदैन । यस्तो अवस्थामा वायुमण्डलको माथिल्लो तह र तल्लो तहबीच हावाको स्वाभाविक मिश्रण हुन सक्दैन। जब वायुमण्डल स्थिर हुन्छ, तब हावामा रहेका धुलो, धुवाँ र अन्य

### गिरावट

हैजको सबैभन्दा ठूलो प्रभाव वायु गुणस्तरमा देखिएको छ । हाल काठमाडौं उपत्यकासहित देशका धेरै सहरहरूमा वायु गुणस्तर सूचकांक अस्वस्थकर स्तरमा पुगेको छ । वायुको गुणस्तर रियलटाइममा मापन गर्ने आईक्यु एअरका अनुसार मंगलबार बिहान काठमाडौंको वायु गुणस्तर सूचकांक (एक्युआई) करिब २०६ पुगेको थियो । मध्याह्न एक्युआई १९६ पुगेको छ, जुन स्वास्थ्यका लागि जोखिमपूर्ण मानिन्छ। यस समयमा वायुमण्डलमा मुख्य रूपमा पीएम २.५ नामक सूक्ष्म प्रदूषक कणहरूको मात्रा बढी रहेको छ । हाल यसको स्तर करिब १२० माइक्रोग्राम प्रति घनमिटर पुगेको अनुमान गरिएको छ ।

विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार पीएम २.५ को सुरक्षित दैनिक स्तर १५ माइक्रोग्राम प्रति घनमिटरभन्दा कम हुनुपर्छ । तर हाल देखिएको मात्रा यसभन्दा करिब चार गुणासम्म बढी रहेको छ, जसले वायु प्रदूषणको गम्भीर अवस्था संकेत गर्छ । वायु गुणस्तर सूचकांकको




औसत रूपमा हावाको गति प्रतिघण्टा करिब १ देखि ३ किलोमिटरको आसपासमा रहेको छ । यस्तो सुस्त हावाले वातावरणमा रहेका प्रदूषणका कणहरु फैलिन नदिई एकै स्थानमा जम्न दिने भएकाले हैजको अवस्था देखिएको हो ।

### तुवाँलो के हो?

तुवाँलो (हैज) भनेको हावामा रहेका सूक्ष्म कणहरूको कारणले वातावरण धुम्म देखिने अवस्था हो । यी सूक्ष्म कणहरु धुलो, धुवाँ, औद्योगिक प्रदूषण, सवारीसाधनबाट निस्कने धुवाँ तथा अन्य वातावरणीय स्रोतहरूबाट उत्पन्न हुन्छन्।

जब सूर्यको प्रकाश हावामा रहेका यस्ता सूक्ष्म कणहरूसँग ठोक्किन्छ, तब प्रकाशको केही भाग ती कणहरूले सोस्छन् भने केही भाग विभिन्न दिशामा फैलिन्छ। यसले गर्दा मानव आँखाले देख्ने दृश्यको स्पष्टता (भिजिविलिटी) घट्छ । परिणामस्वरूप आकाश फिका देखिन्छ र टाढाका वस्तुहरु धुम्म देखिन्छन् ।

वातावरणमा रहेका कणहरूको मात्रा जति बढी हुन्छ, हैजको प्रभाव त्यति नै गम्भीर हुन्छ। हैजलाई कहिलेकाहीँ कुहिरोसँग तुलना गरिन्छ तर यी दुई फरक हुन् । कुहिरो पानीका सूक्ष्म थोपा जमेर बनेको हुन्छ भने हैज प्रदूषण तथा प्रदूषणका कणहरु सजिलै फैलिन पाउँदैनन्। परिणामस्वरूप ती कणहरु एकै स्थानमा थुप्रिन थाल्छन् र वातावरण धुम्म देखिने हैजको अवस्था सिर्जना हुन्छ ।

प्रत्यक्ष मौसम साइटहरूका तथ्यांक अनुसार पछिल्ला दिनहरूमा औसत हावाको गति प्रतिघण्टा करिब ३ किलोमिटरभन्दा कम रहेको छ। त्यस्तै, भिजिविलिटी पनि घटेर केही स्थानमा ३ देखि ५ किलोमिटरमा सीमित भएको छ । आद्रता करिब ६० देखि ७० प्रतिशतको आसपास छ भने काठमाडौं उपत्यकामा तापक्रम १५ डिग्री सेल्सियसदेखि २६ डिग्री सेल्सियसको बीचमा रहेको छ । यस्ता मौसमीय अवस्थाहरूले वायुमण्डलमा रहेका सूक्ष्म प्रदूषणका कणहरूलाई लामो समयसम्म हावामै रहन सहयोग पुर्‍याउँछन्।

विशेषगरी काठमाडौं उपत्यकाजस्तो भौगोलिक रूपमा चारैतिर पहाडले घेरिएको क्षेत्रमा यस्तो समस्या अझ बढी देखिन्छ। उपत्यकाभित्र हावा राम्रोसँग चल्न नसक्दा बाहिरबाट आउने ताजा हावा प्रवेश गर्न कठिन हुन्छ र भित्र रहेको प्रदूषण सजिलै बाहिर निस्कन सक्दैन । यही कारणले गर्दा प्रदूषण र हैजको अवस्था लामो समयसम्म कायम रहन सक्छ ।

### वायु गुणस्तरमा उल्लेखनीय

मापन प्रणाली अनुसार १५१ देखि २०० को स्तरलाई "अस्वस्थकर" मानिन्छ । यस्तो अवस्थामा लामो समयसम्म बाहिर बस्दा सबै मानिसहरूको स्वास्थ्यमा नकारात्मक प्रभाव पर्न सक्छ । विशेषगरी बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दम वा फोक्सोसम्बन्धी समस्या भएका व्यक्तिहरूका लागि जोखिम अझ बढी हुन्छ ।

आइतबार साँझ काठमाडौं उपत्यकामा हल्का वर्षा हुनुभन्दा अघि करिब १८:४५ बजे अधिकतम वायु गुणस्तर सूचकांक २५५ मापन गरिएको थियो, जहाँ सूक्ष्म प्रदूषक कण (पीएम२.५) को मात्रा १८०.४ माइक्रोग्राम प्रति घनमिटर पुगेको थियो । तर त्यो पानीले जमेको धुलो र प्रदूषणका कणहरूलाई पूर्ण रूपमा हटाउन भने सकेन। सामान्यतया वर्षाले हावामा रहेका प्रदूषणका कणहरूलाई केही हदसम्म हटाउने काम गर्छ, जसले गर्दा वायु गुणस्तर सुधारिन र आकाश क्रमशः सफा हुन मद्दत पुग्छ। तर यसपटक परेको वर्षा पर्याप्त मात्रामा नभएकाले वायुमण्डलमा थुप्रिएका सूक्ष्म कणहरु पूर्ण रूपमा हट्न सकेनन् । परिणामस्वरूप वर्षापछि पनि आकाश पूर्ण रूपमा खुल्न सकेन र वातावरणमा केही मात्रामा हैजको अवस्था कायम नै रह्यो।

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
रचनात्मक कार्य प्रारम्भ गर्ने समय छ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द पाइएला।

**वृष**
विगतका कमीकमजोरीलाई पनि सुधार गर्ने अवसर प्राप्त हुनेछ। विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ।

**मिथुन**
भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काम सुरू हुन सक्छ। लामो यात्राको प्रक्रिया अघि बढ्नेछ।

**कर्कट**
व्यवसायका लागि यात्रा सम्भावना छ। सोख पूरा हुनुका साथै प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ।

**सिंह**
आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुटाउन पनि सकिनेछ। विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ।

**कन्या**
सम्झौता गर्नुपरे पनि अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। प्रयत्न गर्दा लक्ष्य प्राप्त गर्न सकिनेछ।

**तुला**
पछिका लागि अवसर खोजी गर्ने समय छ। व्यापार बढ्नेछ भने पेसा–व्यवसायमा आम्दानी प्रशस्तै हुनेछ।

**वृश्चिक**
विशेष अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ। प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ।

**धनु**
स्रोत–साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। लाभांश बढ्नाले दैनिकीमा परिवर्तन आउनेछ।

**मकर**
रोकिएका काम बन्ने र नयाँ काम सुरू गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ।

**कुम्भ**
कर्मयोगले विशेष जिम्मेवारी दिलाउन सक्छ। सानो प्रयत्नले धेरैको भलाइ हुने काम शुभारम्भ हुन सक्छ।

**मीन**
आश्वासन दिनेहरुले प्रतिबद्धता पूरा नगर्न सक्छन्। अरूको विश्वास गर्दा धोका हुन सक्छ।



**मादी नदीमा निर्माणाधीन पुल :** तनहुँको व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमाथि निर्माणाधीन चार लेनको पुल । हाल पुलमा आर्क डिजाइनको काम भइरहेको छ । *तस्बिर : कृष्ण न्यौपाने/रासस*

# प्रतिनिधिसभामा प्रत्यक्षतर्फ ....

१ मा स्वर्णिम वाग्ले र क्षेत्र नं २ मा श्रीराम न्यौपाने निर्वाचित हुनुभएको छ ।

सोही पार्टीबाट स्याङ्जा क्षेत्र नं १ मा धनन्जय रेग्मी, क्षेत्र नं २ मा झविलाल डुम्रे, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) क्षेत्र नं १ मा राजन गौतम, क्षेत्र नं २ मा मनिष खनाल, बागलुङ क्षेत्र नं १ मा सुशील खड्का र क्षेत्र नं २ मा सोम शर्मा तथा पर्वत क्षेत्र नं १ मा सागर भुसाल विजयी हुनुभएको छ।

गुल्मी क्षेत्र नं १ मा सागर ढकाल र क्षेत्र नं २ मा गोविन्द पन्थी, पाल्पा क्षेत्र नं २ मा माधवबहादुर थापा, अर्घाखाँची क्षेत्र नं १ मा हरिप्रसाद भुसाल, रूपन्देही क्षेत्र नं १ मा सुनिल लम्साल, क्षेत्र नं २ मा सुलभ खरेल, क्षेत्र नं ३ मा डा लेखजङ्ग थापा, क्षेत्र नं ४ मा कन्हैया बनिया र क्षेत्र नं ५ मा तौफिक अहमद खान निर्वाचित हुनुभएको छ ।

कपिलवस्तु क्षेत्र नं १ मा मोहनलाल आचार्य र क्षेत्र नं २ मा विक्रम थापा, प्यूठान क्षेत्र नं १ मा सुशान्त वैदिक, दाङ क्षेत्र नं १ मा देवराज पाठक, क्षेत्र नं २ मा विपिनकुमार आचार्य र क्षेत्र नं ३ मा कमल सुवेदी, बाँके क्षेत्र नं १ मा कमल सुवेदी र क्षेत्र नं ३ मा खगेन्द्र सुनार र बर्दिया क्षेत्र नं १ मा ठाकुरसिंह थारु र क्षेत्र नं २ मा श्रीधर पोखेल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) क्षेत्र नं १ मा विक्रम खनाल र क्षेत्र नं २ मा नरेन्द्रकुमार गुप्ता निर्वाचित हुनुभएको आयोगले जनाएको छ ।

सुर्खेत निर्वाचन क्षेत्र नं २ मा रमेशकुमार सापकोटा, सुदूरपश्चिम प्रदेशको कैलाली क्षेत्र नं १ मा कोमल झवाली, क्षेत्र नं २ मा केपी खनाल, क्षेत्र नं ३ मा जगतप्रसाद जोशी, क्षेत्र नं ४ मा खेमराज कोइराला र क्षेत्र नं ५ मा आनन्दबहादुर चन्द, बैतडी क्षेत्र नं १ मा हरिमोहन भण्डारी, डडेल्धुरा क्षेत्र नं १ मा ताराप्रसाद जोशी, कञ्चनपुर क्षेत्र नं १ मा जनकसिंह धाँमी, क्षेत्र नं २ मा दीपकराज बोहरा र क्षेत्र नं ३ मा ज्ञानेन्द्रसिंह महता निर्वाचित हुनुभएको छ ।

नेपाली कांग्रेसबाट प्रत्यक्षमा निर्वाचित १८ मध्ये चार जनाबाहेक सबै नयाँ अनुहार छन् । सो पार्टीबाट पाँचथर क्षेत्र नं १ मा नरेन्द्रकुमार केरूङ, इलाम क्षेत्र नं १ मा निश्कल राई, तेह्रथुम क्षेत्र नं १ मा सन्तोष सुब्बा, सोलुखुम्बु क्षेत्र नं १ मा प्रकाश सिंह कार्की, रौतहट क्षेत्र नं २ मा फिरदोश आलम, रसुवा क्षेत्र नं १ मा मोहन आचार्य, मनाङ क्षेत्र नं १ मा टेकबहादुर गुरूङ र मुस्ताङ क्षेत्र नं १ मा योगेश गौचन थकाली निर्वाचित हुनुभएको छ ।

यस्तै, पाल्पा क्षेत्र नं १ मा सन्दीप राना, कपिलवस्तु क्षेत्र नं ३ मा अभिषेकप्रताप शाह, मुगु क्षेत्र नं १ मा खड्ग शाही, हुम्ला क्षेत्र नं १ मा जयपति रोकाया, जाजरकोट क्षेत्र नं १ मा खडकबहादुर बुढा, दैलेख क्षेत्र नं १ मा बासना थापा, सुर्खेत क्षेत्र नं १ मा विष्णुबहादुर खड्का, बाजुरा क्षेत्र नं १ मा जनकराज गिरी, अछाम क्षेत्र नं १ मा भरतकुमार स्वार र डोटी क्षेत्र नं १ मा भरतबहादुर खड्का निर्वाचित हुनुभएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) तर्फबाट विजयी नौ मध्ये तीन जना नयाँ अनुहार हुनुहुन्छ । सो पार्टीबाट निर्वाचित प्रत्यक्षतर्फको सांसद सदस्यमा ताप्लेजुङ क्षेत्र नं १ मा क्षितिज थेबे, इलाम क्षेत्र नं २ मा सुहाङ नेम्वाङ, सङ्खुवासभा क्षेत्र नं १ मा अर्जुनकुमार कार्की, धनकुटा क्षेत्र नं १ मा राजेन्द्रकुमार राई, बाँके क्षेत्र नं २ मा मोहम्मद इश्तियाक राई, दैलेख क्षेत्र नं २ मा लक्ष्मीप्रसाद पोखरेल, अछाम क्षेत्र नं २ मा यज्ञबहादुर बोगटी, बझाङ क्षेत्र नं १ मा ऐनबहादुर महर र दार्चुला क्षेत्र नं १ मा गणेशसिंह ठगुन्ना विजयी हुनुभएको आयोगले जनाएको छ ।

नेपाली कम्युनिष्ट पार्टीबाट निर्वाचित आठमध्ये तीन जना सङ्घीय संसद्मा नयाँ अनुहार हुनुहन्छ । सो पार्टीबाट धनुषा क्षेत्र नं १ मा मातृकाप्रसाद यादव, सिन्धुपाल्चोक क्षेत्र नं २ मा युवराज दुलाल, रूकुम (पूर्वीभाग) क्षेत्र नं १ बाट पुष्पकमल दाहाल 'प्रचण्ड', रोल्पा क्षेत्र नं १ बाट वर्षमान पुन, सल्यान क्षेत्र नं १ बाट रमेशकुमार मल्ल, डोल्पा क्षेत्र नं १ बाट धनबहादुर बुढा, कालिकोट क्षेत्र नं १ बाट महेन्द्रबहादुर शाही र रूकुम (पश्चिम भाग) क्षेत्र नं १ बाट गोपाल शर्मा विजयी हुनुभएको छ ।

यस निर्वाचनदेखि उदाएको श्रम संस्कृति पार्टीबाट विजयी तीनै जना नयाँ अनुहार हुनुहुन्छ। सो पार्टीबाट भोजपुर क्षेत्र नं १ मा ध्रुवराज राई, सुनसरी क्षेत्र नं १ बाट हर्कराज राई र खोटाङ क्षेत्र नं १ बाट आरेन राई, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट जुम्ला क्षेत्र नं १ मा ज्ञानबहादुर शाही पुरानै सांसद हुनुहन्छ । म्याग्दी क्षेत्र नं १ बाट स्वतन्त्र उम्मेदवार महावीर पुन नयाँ अनुहारका रूपमा विजयी हुनुभएको छ । रासस

# बढ्दो वायु प्रदूषण र नयाँ ..........

**स्वास्थ्यमा पर्ने प्रभाव**

हावामा रहेका पीएम२.५ जस्ता अत्यन्त सूक्ष्म कणहरु मानिसको शरीरमा सजिलै प्रवेश गर्न सक्छन्। यी कणहरु सास फेर्ने प्रक्रियामार्फत फोक्सोभित्र गहिरोसम्म पुग्न सक्छन् र दीर्घकालीन रूपमा स्वास्थ्यमा गम्भीर असर पार्न सक्छन् ।

वायुमण्डलमा यस्ता कणहरूको मात्रा बढ्दा मानिसहरूमा सास फेर्न गाह्रो हुने, लगातार खोकी लाग्ने, घाँटी पोल्ने, आँखामा जलन हुने तथा एलर्जी बढ्ने जस्ता समस्या देखिन सक्छन् । विशेषगरी दमका बिरामीहरुमा यस्तो अवस्थामा समस्या झन् बढ्न सक्छ र सासप्रश्वाससम्बन्धी असहजता अधिक हुन सक्छ ।

यस प्रकारको वायु प्रदूषणको असर सबै मानिसहरूमा पर्न सक्ने भए पनि केही समूहहरु अझ बढी जोखिममा हुन्छन् । बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला, दम वा फोक्सोसम्बन्धी रोग भएका व्यक्ति तथा मुटु रोगीहरूलाई यस्तो अवस्थामा विशेष सावधानी अपनाउन आवश्यक हुन्छ । वायु गुणस्तर अस्वस्थकर भएको बेला अनावश्यक रूपमा बाहिर लामो समय बस्न नहुने, कडा शारीरिक गतिविधि कम गर्ने तथा अत्यावश्यक काम बाहेक सम्भव भएसम्म घरभित्रै बस्न सल्लाह दिइएको छ ।

**नागरिकका लागि सावधानी**

वायु गुणस्तर खराब भएको अवस्थामा नागरिकहरूले केही सामान्य सावधानी अपनाउनु पर्छ। यस्तो समयमा अनावश्यक रूपमा लामो समयसम्म बाहिर बस्नु उपयुक्त हुदैन । विशेषगरी दौडधुप, कडा व्यायाम वा शारीरिक परिश्रम बढी हुने गतिविधिहरु बाहिर नगर्न सल्लाह दिइन्छ, किनकि यस्तो अवस्थामा शरीरले बढी सास लिनुपर्दा प्रदूषित हावा पनि बढी मात्रामा शरीरभित्र प्रवेश गर्न सक्छ। बाहिर जानै परेमा सुरक्षाका लागि मास्क प्रयोग गर्नु लाभदायक मानिन्छ।

त्यस्तै, घरभित्रको वातावरण पनि सकेसम्म सफा राख्न आवश्यक हुन्छ । झ्यालढोका आवश्यकताअनुसार मात्र खोल्ने, धुलो कम गर्ने र सम्भव भए हावा शुद्धीकरण विधी प्रयोग गर्ने उपायहरूले हावाको गुणस्तर सुधार्न सहयोग पुऱ्याउन सक्छ । बालबालिका र वृद्धवृद्धा प्रदूषणको असरप्रति बढी संवेदनशील हुने भएकाले उनीहरूलाई विशेष ध्यान दिनुपर्ने हुन्छ । साथै, वायु गुणस्तर अस्वस्थकर भएको अवस्थामा विद्यालय तथा कार्यालयहरूले बाहिरी गतिविधिहरु अस्थायी रूपमा कम गर्ने वा स्थगित गर्नेबारे विचार गर्न सुझाव दिइन्छ ।

**दैनिक जीवनमा प्रभाव**

हैजको प्रभाव दैनिक जीवनमा पनि देखिन थालेको छ । दृश्यता घट्दा सडक यातायातमा सावधानी अपनाउनुपर्ने अवस्था आएको छ। विशेषगरी बिहान र साँझको समयमा धुम्म वातावरणका कारण चालकहरूलाई सडक स्पष्ट देख्न कठिन हुन सक्छ। यद्यपि हालसम्म यातायात वा उडान सेवामा ठूलो अवरोध आएको जानकारी छैन ।

नेपालको पर्यटन क्षेत्रका लागि पनि यस्तो मौसम अनुकूल मानिँदैन। सामान्यतया स्वदेशी तथा विदेशी पर्यटकहरु हिमालको मनोरम दृश्य हेर्न नेपाल आउने गर्छन् । तर बाक्लो हैजका कारण हिमालहरु स्पष्ट देखिन नसक्दा पर्यटकहरूको अनुभव प्रभावित हुन सक्छ । काठमाडौँ उपत्यकामा बसोबास गर्ने धेरैले पनि पछिल्ला दिनहरूमा वातावरण भारी र असहज भएको अनुभव गरेका छन् ।

फागुन २१ को निर्वाचनपछि यस्तो मौसम देखिन थालेकाले कतिपयले यसलाई संयोगको रूपमा चर्चा गरेका छन् । तर यस घटनाको राजनीतिक वा निर्वाचन गतिविधिसँग कुनै सम्बन्ध छैन । मौसम पूर्ण रूपमा प्राकृतिक प्रक्रियाबाट प्रभावित हुन्छ । तापक्रम, हावाको दिशा, वायुमण्डलीय दबाब तथा मौसमी चक्रले मौसमलाई निर्धारण गर्छ । निर्वाचन र मौसम परिवर्तन एउटै समयमा देखिनु केवल संयोग मात्र रहेको हो ।

**यस्तो अवस्था कहिलेसम्म रहला ?**

अहिले देखिएको हैजको अवस्था कहिलेसम्म रहन्छ भन्ने कुरा मुख्यत: हावाको गति र वर्षाजस्ता मौसमी कारकहरूमा निर्भर गर्दछ । यदि पश्चिमी वायु प्रणाली सक्रिय भयो, हावाको गति बढ्यो वा भारी वर्षा भयो भने वायुमण्डलमा जम्मा भएका धुलो, धुवाँ तथा अन्य प्रदूषणका कणहरु छिट्टै हट्न सक्छन् । यस्तो अवस्थामा वातावरणमा रहेको प्रदूषण फैलिन वा धुलिन पुग्छ र आकाश फेरि क्रमशः सफा हुन थाल्छ ।

तर यदि हालजस्तै हावाको गति सुस्त रहने र मौसम स्थिर रहने अवस्था कायम रह्यो भने हैज अझ केही दिनसम्म रहन सक्ने सम्भावना छ । विशेषगरी उपत्यका जस्ता भू-आकृतिक रूपमा बन्द क्षेत्रहरूमा यस्तो अवस्था लामो समयसम्म कायम रहने सम्भावना बढी हुन्छ, किनकि त्यहाँ प्रदूषण बाहिर निस्कन कठिन हुन्छ । त्यसैले आगामी दिनहरूमा मौसम प्रणालीमा आउने परिवर्तनले नै हैज हट्ने वा कायम रहने अवस्थालाई निर्धारण गर्नेछ ।

**दीर्घकालीन चुनौती र नयाँ सरकारप्रति आशा**

दक्षिण एसियाका धेरै देशहरूजस्तै नेपालमा पनि वायु प्रदूषण एक बढ्दो दीर्घकालीन चुनौतीका रूपमा देखा परेको छ । पछिल्ला वर्षहरूमा शहरीकरण, जनसंख्या वृद्धि तथा आर्थिक गतिविधि बढ्दै जाँदा वायु प्रदूषणको स्तर पनि क्रमशः बढ्दै गएको देखिन्छ । नेपालका प्रमुख सहरहरूमा विशेषगरी सवारीसाधनको धुवाँ, निर्माण कार्यबाट उठ्ने धुलो, औद्योगिक गतिविधि, सडकको धुलो तथा कृषि अवशेष जलाउने प्रचलन जस्ता कारणहरूले वातावरणमा प्रदूषणको मात्रा बढाइरहेका छन् । यी स्रोतहरूबाट निस्कने धुलो र धुवाँका सूक्ष्म कणहरु वायुमण्डलमा जम्मा भएर दीर्घकालीन रूपमा वातावरण र जनस्वास्थ्यमा असर पार्न सक्छन्।

भविष्यमा शहरी विस्तार अझ बढ्दै जाने भएकाले वायु प्रदूषण नियन्त्रणका लागि प्रभावकारी र दीर्घकालीन उपायहरु आवश्यक पर्नेछ । सार्वजनिक यातायातको सुधार, सवारीसाधनको उत्सर्जन नियन्त्रण, हरित ऊर्जाको विकास र प्रयोग, हरित क्षेत्रको विस्तार तथा निर्माण व्यवस्थापन जस्ता उपायहरु महत्वपूर्ण मानिन्छन् ।

सरकार, स्थानीय तह तथा विभिन्न वातावरणीय संस्थाहरूले वायु गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रमहरु अघि बढाइरहेका भए पनि समस्या समाधानका लागि अझ प्रभावकारी नीतिगत सुधार आवश्यक रहेको छ । साथै, नागरिक स्तरमा पनि वातावरणीय सचेतना बढाउनु र प्रदूषण नियन्त्रणमा सहकार्य गर्नु दीर्घकालीन समाधानका लागि अत्यन्त आवश्यक मानिन्छ । हाल देशभरको आकाश धुम्म देखिए पनि आगामी केही दिनमा हावाको बहाव बढेमा वा सामान्य वर्षा पछि अवस्था सुधार हुन सक्ने अपेक्षा गरिएको छ ।

फागुन २१ को राष्ट्रिय निर्वाचनपछि देश राजनीतिक रूपमा नयाँ दिशातर्फ अघि बढिरहेको छ। परम्परागत दलहरूभन्दा फरक र नयाँ योजनासहित आएका भनिएका जनप्रतिनिधिहरू बनाउने सरकारले प्रदूषण नियन्त्रणका लागि कस्ता योजना ल्याउला भन्ने चासो छ । प्रदूषण नियन्त्रणका लागि बनेका नियम कानुनहरू प्रशस्त छन् । तर तिनको कार्यान्वयन पक्ष विगतमा सन्तोषजनक देखिएको छैन । यदि ती कानुन प्रभावकारी हुन सकेमात्रै पनि प्रदूषणबाट केही हदसम्म राहत मिल्नेछ ।

आगामी दिनमा नयाँ सरकार र नयाँ जनप्रतिनिधिको गति र दिशा कता र कसरी अघि बढ्छ त्यो हेर्न केही समय कुर्नैपर्ने हुन्छ। त्यतिन्जेलसम्म नागरिकहरुले स्वास्थ्य सावधानी अपनाउँदै सुरक्षित रहनु आवश्यक छ । सबै नागरिकहरू अहिले फेरि एकपटक सफा आकाश, घाम लाग्ने दिन र हिमालहरूको स्पष्ट दृश्य देख्ने आशामा छन् । अनलाइनखबरबाट

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोनः ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**चैत ०६ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।
२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुवराज अधिकारी**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**चैत्र ०७ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



**सिरूबारी गाउँ :** स्याङ्जाको आँधीखोला गाउँपालिका-१ मा अवस्थित दक्षिण एसियाकै पहिलो सामुदायिक होमस्टे सिरूबारी गाउँ । यस गाउँ आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ । *तस्बिर : तोलाकान्त बगाले/रासस*

# नीतिबाट राजनीतिसम्म : डा स्वर्णिम वाग्लेको यात्रा

भञ्ज्याङ समाचारदाता/काठमाडौं

निर्वाचन आयोगले चैत पहिलो साताभित्र 'प्रतिनिधि सभा निर्वाचन' प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाउने तयारी गरेको छ। फागुन २१ गते सम्पन्न निर्वाचनमा प्रत्यक्षतर्फ र समानुपातिकतर्फ सांसद जित्ने दल र व्यक्ति समेटिएको प्रतिवेदन चैत पहिलो साताभित्र राष्ट्रपतिलाई बुझाउने तयारी आयोगले गरेको हो । प्रत्यक्षतर्फ १६५ सिटको नतिजा आइसकेको छ । प्राप्त नतिजानुसार राष्ट्रिय स्वतन्त्र पार्टीले १२५, नेपाली कांग्रेसले १८, नेकपा एमालेले ९, नेपाली कम्युनिस्ट पार्टीले ८, श्रम संस्कृति पार्टीले ३, राष्ट्रिय प्रजातन्त्र पार्टीले १ र स्वतन्त्र उम्मेदवार (महावीर पुन) सिटमा जितेका छन् ।

जारी समानुपातिक प्रणालीतर्फको मतगणना मंगलबार साँझसम्म सक्ने आयोगको तयारी छ । समानुपातिकतर्फ १ करोड ७७ लाख ७११ मत खसेको थियो। समाचार तयार पार्दासम्म १ करोड साढे ५ लाख हाराहारी मत गणना भइसकेको छ ।

मंगलबार मत गणना सकियो भने बुधबार (फागुन २७) गते राजनीतिक दलहरूलाई आफ्नो भागमा परेका समानुपातिक प्रणालीतर्फ सांसद् बन्नेहरूको सूची पठाउन आयोगले पत्राचार गर्नेछ। प्रतिनिधिसभा निर्वाचनसम्बन्धी कानुनमा नै दलहरूलाई सूची पठाउन ३ दिन समय दिनुपर्ने व्यवस्था छ । त्यसो हुँदा आयोगले दलहरूलाई फागुन ३० गतेसम्मको समय दिनेछ । फागुनको महिला ३० गतेसम्मको भएकाले दलहरूले चैत १ गतेसम्म समानुपातिकतर्फ आफ्नो भागमा परेको सांसद हुने व्यक्तिहरूको सूची निर्वाचन आयोगलाई बुझाउने छन् । त्यसपछि आयोगले दलहरूले पठाएको सूचीमा कुनै त्रुटि भए/नभएको तथा संविधान र कानुनमा गरिएको कलस्टर मिले/नमिलेको अध्ययन गर्नेछ ।

नमिलेको भए नमिलाउने दललाई २ दिनको समय दिएर पुनः पत्राचार गर्ने आयोगले आन्तरिक क्यालेन्डर बनाएको छ। त्रुटि गर्ने दलहरूले त्रुटि सच्याएर पठाएपछि आयोगले कानुन अनुसार मिले/नमिलेको यकिन गरेर छिटोमा चैत ३ गते र ढिलोमा चैत ५ गतेसम्म समानुपातिक प्रणालीबाट निर्वाचित हुने सांसदहरूलाई प्रमाणपत्र प्रदान गर्ने तयारी गरिरहेको छ ।

त्यसपछि एक दुई दिनमा प्रतिवेदन तयार गरेर राष्ट्रिपतिलाई बुझाउने तयारी आयोगको रहेको निर्वाचन आयोगका प्रवक्ता सहसचिव नारायणप्रसाद भट्टराईले जानकारी दिए । 'चैत पहिलो साताभित्र राष्ट्रपतिज्यूलाई 'प्रतिनिधिसभा निर्वाचन प्रतिवेदन' बुझाउने आयोगको तयारी छ,' प्रवक्ता भट्टराईले रातोपाटीसँग भने।

# मौसमी प्रतिकूलताले वायु प्रदूषण बढ्दो, मास्कको प्रयोग गर्न आग्रह

रासस/काठमाडौं

हालैका दिनहरूमा मौसमी प्रतिकूलताका कारण देशका विभिन्न भागमा वायु प्रदूषणको स्तर बढ्दै गइरहेको छ । विशेषगरी काठमाडौं, पोखरालगायत देशका ठूला सहरका अतिरिक्त तराईका अधिकांश स्थानमा 'पिएम' (प्रदूषणका मसिना कणहरू) दुई दशमलव पाँच पुगेको जनाइएको छ । वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागले वायु प्रदूषणका असरबाट जोगिन आम नागरिकलाई सावधानी अपनाउन अनुरोध गरेको छ ।

विभागले मंगलबार एक अपिलमार्फत वायु प्रदूषण बढी भएको समयमा घरबाहिर निस्किँदा मास्कको प्रयोग गर्न, आफ्ना सवारीसाधनको नियमित मर्मतसम्भार गर्न र फोहोर तथा बालीनालीका अवशेषहरू नजलाउने र जलाउने प्रवृत्ति सबैको पहलमा रोक्न अनुरोध गरेको छ ।

त्यसैगरी, वन-जङ्गलमा डढेलो नलगाउने र लागिहालेमा तत्काल निभाउने प्रयास गर्न, निर्माण गतिविधिहरू गर्दा धुलो-धुवाँ नउड्ने व्यवस्था गर्न, उद्योग कलकारखाना सञ्चालन गर्दा सरकारले तोकेका मापदण्ड पूर्ण रूपमा पालना गरी सञ्चालन गर्न विभागका महानिर्देशक ज्ञानराज सुवेदीले सबैमा अनुरोध गर्नुभयो । वायु प्रदूषण न्यूनीकरणका लागि जिम्मेवार सबै निकाय र आम नागरिकको सहकार्य र सकारात्मक प्रयास भएमा मात्र प्रदूषण न्यूनीकरण गर्न सम्भव र सहज हुने भएकाले त्यसका लागि सबैमा अनुरोध गरिएको उहाँले बताउनुभयो ।

प्रदूषण बिहान-बेलुका समयमा उच्च हुने गरेको छ । चिसोका कारण विभिन्न स्रोतबाट उत्सर्जन भएको प्रदूषण छरिएर जान नसक्ने तथा विगत लामो समयदेखि वर्षा नभएका कारण यो याममा वायु प्रदूषण हुने गरेको विभागको भनाइ छ ।


## सडक प्रयोग गर्दा ध्यान दिऔं ।

- सडक सीमा अतिक्रमण नगरौं
- सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं ।
- सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं ।
- सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं ।
- सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं ।
- सवारी साधानमा भुण्डिएर वा छतमा बसेर यात्रा नगरौं ।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं ।
- सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं ।

**यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खबर गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


bitly
bhanjyangnews.com

## facebook twitter



**Narayan Gaunle**
facebook.com/ngaunle

इरानले निःशर्त आत्मसमर्पण नगर्दासम्म युद्ध रोकिन्न भन्ने ट्रम्पको एउटा बोलीले तेलको मूल्य ११५ डलर पुग्यो !

यसको संकेत यो युद्ध निकै लामो र अनिर्णायक हुने भन्ने थियो । जमिनमा पाइलै नटेकी आकाशबाट मात्रै ठूलो संख्याको इरानी सेनालाई आत्मसमर्पण गराउनु असम्भवजस्तै हुने धेरैको बुझाइ छ । विश्व अर्थतन्त्र नै डामाडोल हुने देखियो ! शेयर बजार रातो भयो, अनियन्त्रित मूल्यवृद्धिको डरले धेरै देशको निद्रा उड्यो !

हिजो डोनाल्ड ट्रम्पले यो ठूलो युद्ध नभएर छोटो सैन्य कारवाहीमात्रै भएको र सकिनै लागेको वक्तव्य दिएपछि ११५ बाट तेलको मूल्य एक्कासि घटेर ८० डलरमा आइपुग्यो! शेयरबजार हरियो भयो ! तेलको मूल्य नियन्त्रण गर्न आफूसँग ठोस प्लान भएको ट्रम्पले बताएपछि मूल्य घटेको थियो ।

आज फेरि इरानले यो युद्ध अमेरिकाले होइन आफूले चाहेर मात्रै रोकिने वक्तव्य दियो । लामो समय युद्धका लागि तैयार रहेको र युद्ध जारी रहुन्जेल पर्सियन गल्फबाट एक थोपा तेल पनि पास हुन नदिने बताएपछि तेलको मूल्य फेरि उकालो लाग्दै छ ।

कोभिडपछि सुरू भएको आर्थिक मन्दीले सिङ्गो विश्व आक्रान्त थियो । युक्रेन युद्धले थपेको मूल्यवृद्धिले थला पर्यो । उपभोग्य वस्तुदेखि ब्याजदरसम्म सबै बढेपछि ऋणमा चल्ने पश्चिमी जीवन यसै थिलोथिलो थियो । बल्लतल्ल उठ्ने बेलामा इरान युद्ध आइलाग्यो !

नेपाल पनि यो युद्धबाट अछुतो छैन । केही हप्ता यो नरोकिने हो भने तेल र ग्यासको संकट भारतमा मात्रै सीमित हुँदैन, नेपालले पनि बेहोर्छ । ६० डलरको तेल ८०-८५ हुँदा यसै महँगी बढिसक्यो । आयात र व्यापारघाटा बढ्ने नै भयो ! मजस्ता हजारौं नेपालीको भोट हाल्न नेपाल जाने सपना एअरपोर्टमैं तुहिएनमात्रै, कति अझै अलपत्र अवस्थामा छन् । हाम्रो सोझो फ्लाइट छैन । गल्फ क्षेत्रले हामीलाई कनेक्ट गर्थ्यो, त्यो आकाश बन्द छ । अर्को कनेक्शन भारत हो ! पाकिस्तानको आकाश उसका लागि बन्द छ ! गल्फरूट बन्द भएपछि लामो रूट लिएर उड्न सक्षम प्लेन नभएको भन्दै तिनले पनि युरोपको फ्लाइट क्यान्सल गर्दै छन् !

हाम्रो वैदेशिक रोजगारी र रेमिटेन्सको मुख्य स्रोत नै गल्फ भएकाले हाम्रो अर्थतन्त्रमा यसको असर एकदम छिटो र गहिरो पर्नेछ ! आयात महँगो हुने तर हवाइसेवा बन्द भएर पर्यटक अनि रेमिटेन्स बन्द भएर डलर नआउने हो भने हाम्रो ब्यालेन्स बिग्रन सक्छ ।

सबैभन्दा सुरक्षित भनेर विश्वभरिको लगानी भित्र्याइरहेको दुबई आज अरबौं डलरको नोक्सान बेहोर्ने स्थितिमा छ। उसको आकाश लगभग बन्द छ । जनजीवन पनि सामान्य छैन । मुख्य कुरो, लगानीको वातावरण र कथ्य नै उसको सम्पत्ति हो, जसमा सबैभन्दा ठूलो क्षति पुग्यो। युरोप आफ्नो तेलभण्डारले कति दिन धान्छ भन्ने चिन्तामा छ । छिमेकी देश चीन र भारतलाई त यसले ठूलो टाउको दुखाइ नै छ । तेलको मूल्य बढेको र अमेरिकी साधनस्रोत गल्फतिर खर्च भएकाले रूसलाई भने यसबाट फाइदा पुगेको देखिन्छ । अर्को प्रत्यक्ष फाइदा भनेको इजरायललाई नै हो । यो उसैको युद्ध हो। अमेरिकालाई फसाउन ऊ सफल भएको हो ।

इरानको मिलिटरी बेस, नेतृत्व र टार्गेट जति पहिलो हप्तामैं हानिसकेको अमेरिकाले युद्ध लामो हुँदै जाँदा हान्ने भनेको तेल भण्डार र पूर्वाधार नै होला । इरानले पनि इजरायल र गल्फमा ऊर्जाक्षेत्रलाई नै टार्गेट बनाएको छ । यसले गर्दा विश्वभर ऊर्जासंकट देखिने डर छ । इरानको केन्द्रीय कमान्ड निष्क्रिय जस्तै देखिन्छ । अस्तिमात्र राष्ट्रपतिले माफी माग्दै छिमेकी देशमा आक्रमण नगर्ने बताएका थिए, तर तत्कालै आक्रमण भयो ।

अमेरिकाको पनि प्रतिरक्षादेखि आक्रमणसम्म दैनिक करोडौं डलरका क्षेप्यास्त्र खर्च भइरहेछन् । लजिस्टिक खर्च उस्तै छ । अमेरिकालाई पनि यसले आच्छु आच्छु पारेको देखिन्छ । इरानलाई युद्धका लागि सबैभन्दा महत्त्वपूर्ण 'इन्टेलिजेन्स' रूस र चीनले उपलब्ध गराई रहेको आशंका छ। २० हजारको ड्रोन खसाल्न पाँच मिलियनको मिसाइल खर्च गर्न पर्ने स्थिति छ । मध्यपूर्वका सबै जसो बेसमा ठूलो क्षति पुगेको अनुमान छ। ऊर्जामा भने ऊ आत्मनिर्भर भएकाले ठूलो असर नहोला तर पूँजीवादी देश भएकाले मूल्यवृद्धिको असर त आमजनतालाई परि नै हाल्छ । देशमा युद्धविरोधी जनमत बढ्दो छ!

हवाइ हमलाबाट सत्ता परिवर्तन हुँदैन भन्दै साथ नदिएको बेलायतले ठूलो हप्की बेहोर्‍यो । स्पेनसँग त कट्टी भन्दै ट्रम्पले रिस नै पोखेको सुनियो । कडा विरोध गर्न नसके पनि कुनै पनि देश यो युद्धको समर्थनमा देखिन्नन् ! अन्ततः इरानी नागरिकले ध्वस्त देशसँगै झन् कट्टर र निरंकुश सत्ता पाउने पो हुन् कि भन्ने आशंका छ । उद्देश्य नै एटम बम भयो भने भोकै सुतेर पनि बनाई छोड्छन् । अझ यो आक्रमणले तिनलाई अर्को बहाना र कारण दिनेछ ।

पाकिस्तान र अफगानिस्तान लड्दै छन् । अफ्रिकामा लाखौं मान्छे मारिने युद्ध जारी छ । युक्रेनमाथि दिनहुँ मिसाइल खस्दै छन् । गल्फ क्षेत्र धुआँ धुआँ छ । अबका दिन कसैका लागि पनि सजिला छन् जस्तो लाग्दैन ! तर गर्ने पो के हो !

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४